Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/15**

**2 0 1 5**

# NEPALI

## ( Modern Indian Language )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.
(ii) Attempt Part—A Objective Questions serially.
(iii) Attempt all parts of a question together at one place.
(iv) General candidates are not allowed to attempt the questions meant for the Elementary School Teacher Candidates.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** कोष्ठभित्रका सही शब्द छानेर खाली ठाउँ भर : 1×5=5

(क) खेती कमाइको —— छ ससुरा —— पठाइदिनुपऱ्यो। (बेला/छोरी)

(ख) जुन बोलीमा —— लेखिएको हुँदैन कोष सङ्ग्रह गरिएको हुँदैन अनि ——-को सृष्टि भएको हुँदैन त्यसलाई भाषा भनिंदैन। (व्याकरण/साहित्य)

(ग) स्वास्नीमानिसको —— लोग्नेमानिसको —— दुवै सङ्गै रहे हुन्थे सबै मानिस राक्षस। (बल/जाल)

(घ) धनीहरूले पनि मलाई —— सक्तैनन्, चटनी-अचार भएर मैले ——
गरेको छु। (बिर्सन/सेवा)

(ङ) नछोडी जानोस् हे मेरा —— अकेली मलाई
मनको बनमा ननिभ्ने गरी —— जलाई। (विरह/प्राण)

**2.** उत्तर शुद्ध भए 'हो' र अशुद्ध भए 'होइन' लेख : 1×5=5

(क) लावा र फुचा भोटे दाइका नानीहरू हुन्।

(ख) अङ्ग्रेजी पढेर चतुरे झन् बिग्रन्छ।

(ग) दानवले अग्नि वर्षा गर्दा दशरथले हिलो वर्षा गरे।

(घ) 'मुकुन्द-इन्दिरा' नाटकमा भवदेवले खलनायकको भूमिका लिएका छन्।

(ङ) 'शत्रु' कथाका कृष्णराय घमण्डी थिए।

**3.** तल दिइएका उत्तरहरूमध्ये सही उत्तर छानेर लेख : 1×10=10

(क) 'मुकुन्द-इन्दिरा' नाटक हो

*(i)* ऐतिहासिक

*(ii)* राजनीतिक

*(iii)* पौराणिक

*(iv)* सामाजिक

(ख) 'कैकेयी' कथाका कथाकार हुन्

*(i)* बालकृष्ण सम

*(ii)* लक्ष्मीप्रसाद देवकोटा

*(iii)* पारसमणि प्रधान

*(iv)* पुष्कर शमशेर

(ग) 'मुना-मदन' खण्डकाव्यको मदनलाई घर फर्कंदा बाटामा हैजा लाग्छ

*(i)* भोटबाट

*(ii)* शिलाङ्गबाट

*(iii)* नेपालबाट

*(iv)* चीनबाट

(घ) 'गुन्द्रुकको पुकार' निबन्ध हो

*(i)* विचारात्मक

*(ii)* व्यङ्ग्यात्मक

*(iii)* आख्यानात्मक

*(iv)* हास्यात्मक

(ङ) गुरुप्रसाद मैनाली कथाकार हुन्

*(i)* अस्तित्ववादी

*(ii)* यथार्थवादी

*(iii)* स्वच्छन्दतावादी

*(iv)* मनोवैज्ञानिक

(च) ''अहिले माग्दिनौ भने पछि एकमात्र होइन दुइ वर माग्नुपर्ला''—यो वाक्य भन्ने हुन्

*(i)* दशरथ

*(ii)* कैकेयी

*(iii)* ईन्द्रदेव

*(iv)* लेखक

(छ) 'नेपाली हाम्रो मातृभाषा' निबन्धका निबन्धकार हुन्

*(i)* महानन्द सापकोटा

*(ii)* पारसमणि प्रधान

*(iii)* रुद्रराज पाण्डेय

*(iv)* शिवकुमार राई

(ज) साहिंलीलाई कति वर्षको उमेरसम्म माग्न आएनन्?

*(i)* १७ वर्षसम्म

*(ii)* २० वर्षसम्म

*(iii)* २७ वर्षसम्म

*(iv)* ३० वर्षसम्म

(झ) 'आधुनिक शिक्षक' निबन्धका निबन्धकार हुन्

*(i)* रुद्रराज पाण्डेय

*(ii)* शिवकुमार राई

*(iii)* महानन्द सापकोटा

*(iv)* ईन्द्र राई

(ञ) 'परालको आगो' कथाका मुख्य पात्र-पात्रा हुन्

*(i)* जुठेका लोग्ने-स्वास्नी

*(ii)* चामे र गौंथली

*(iii)* कोकले र उसकी आमा

*(iv)* धनवीरका लोग्ने-स्वास्नी

## SECTION—II

( *Marks* : 30 )

**4.** निम्नलिखित प्रश्नहरूका उत्तर *4/5* वाक्यमा लेख (कुनै **पाँच**) : 3×5=15

(क) नैनी को थिई? के स्वार्थले उ मुनाकहाँ जाने गर्थी?

(ख) जुठे दमाई कस्तो स्वभावको मानिस थियो?

(ग) सन् १८२८ सम्म नेपाल राज्यभित्र कति थरीका बोलीहरू बोलिन्थे?

(घ) चतुरे को हो? उसको स्वभाव कस्तो छ?

(ङ) 'आधुनिक शिक्षक' निबन्धका लेखक को हुन्? आधुनिक शिक्षकलाई समाजले किन फुर्सत लिन दिंदैन?

(च) 'परालको आगो' कथाका कथाकार को हुन्? लोग्ने-स्वास्नीको झगडालाई किन परालको आगो भनिन्छ?

**5.** (क) लिङ्ग परिवर्तन गर : 2

देवी ; गायक ; कवि ; विद्वान।

(ख) उपसर्ग छुट्ट्याऊ : 2

उपनायक ; अभिमान ; प्रयोग ; अनुदान।

(ग) विपरीत शब्द लेख : 2

अमृत ; स्वर्ग ; मान ; उन्नति।

(घ) पर्यायवाची शब्द लेख (**दुइ-दुइवटा**) : 2

आँखा ; पुष्प।

(ङ) कर्म कारक, सम्बन्ध कारक, अपादान कारक-का **एक-एकवटा** उदाहरण देऊ। 3

(च) धातु र प्रत्यय भएका कुनै **दुइवटा** शब्दहरू लेख र तिनमा भएका धातु र प्रत्यय छुट्ट्याएर देखाऊ। 2

(छ) तलका उखानका अर्थ लेख : 2

बाँदरको हातमा नरिवल ; एक थुकी सुकी हजार थुकी नदी।

**अथवा**

तलका शब्दहरूलाई बहुवचन बनाऊ :

गोरु ; छोरो ; मानु ; मित्र।

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर (कुनै **एक**) : 7

(क) ''त्यसो त उही राम्रो लाग्छ नाइँ। तर राम्रो लागेर कागतको मान्छेसङ्ग बिहे हुन्छ र?''

(ख) पापी रगतले बग्ने बाटो पायो, बग्यो, अब कपाल सब काँढा नै झिकेको फूलको थुँगा जस्तो छ हलुका।

(ग) दुइवटा मैला सुनका थैला बनमा गाडेको
यौटा हो तिम्रो यौटा हो मेरो गुनले बाँडेको।

**7.** 'मुकुन्द-इन्दिरा' नाटकमा भवदेवको भूमिका कस्तो छ? बुझाएर लेख। 6

**अथवा**

'मुकुन्द-इन्दिरा' नाटकका नायक मुकुन्दको चरित्र चित्रण गर।

**8.** रुद्रराज पाण्डेयको निबन्ध 'गुन्द्रुकको पुकार'-मा गुन्द्रुकले गरेको गुनासोबारे वर्णन गर। 6

**अथवा**

खस जाति र खस भाषाबारे डा० पारसमणि प्रधानले कस्ता विचारहरू पोखेका छन्, निबन्धको आधारमा लेख।

**9.** 'मुना-मदन' खण्डकाव्यका प्रमुख पात्र मदनको चरित्र चित्रण गर। 6

**अथवा**

कृष्ण रायले कसरी धेरै शत्रुहरू बनाइसकेका रहेछन्? कथाको आधारमा लेख।

**अथवा**

'परालको आगो' कथाको कथावस्तु कस्तो छ, लेख।

**10.** यस अनुच्छेदको शीर्षक दिंदै सारांश लेख : 8

जीवन एउटा सङ्ग्रामभूमि हो। जीवनमा चाहेका वस्तुहरू पाउने हो भने निरन्तर सङ्ग्राम गर्नुपर्छ। कामको सफलताको मार्गमा आइलागेका विघ्नबाधाहरू एकपल्टको कोशिशले नछुट्न पनि सक्छन्—काममा असफल पनि हुनसकिन्छ तर असफल हुनासाथ त्यो काम गर्न छोडिहाल्नु ठीक होइन। अङ्ग्रेजीमा एउटा भनाइ छ—'असफलता नै सफलताको खाँबो हो। यसकारण कुनै काम गर्दा असफल भए तापनि त्यो काम गर्दा गरेको कोशिश व्यर्थ हुँदैन किनभने त्यो कोशिशले नै कामको अनुभव हुन्छ। यसरी अनुभव भएपछि पहिले कोशिश गरेको काम गर्न अझ सजिलो पर्छ, सफलता छेउमा आइपुग्छ। त्यसपछि पनि कोशिश गरिरहे एक न एकपल्ट अवश्यै त्यो काममा सफलता पाइन्छ। यसकारण असफल हुनासाथ हताश हुनुहुँदैन। सफलता असफलताको टुप्पोमा हुन्छ। असफलताका एक-एकवटा खुडकिला पार गरेपछि मात्र सफलतालाई छुन सकिन्छ।

**11.** निम्नलिखित कुनै **एक** विषयमा निबन्ध लेख : 12

(क) कुनै रोचक यात्रा-वर्णन

(ख) दूरदर्शन र विद्यार्थी

(ग) तिमीलाई मनपर्ने कुनै खेल

(घ) बेकारी समस्या

**12.** कोलकातामा बस्ने तिम्रो मित्र कक्षा १२ को परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भएकोमा आफ्नो हर्ष प्रकट गर्दै साथै उसलाई बधाई दिंदै एउटा पत्र लेख। 5

**( For Elementary School Teacher Candidates only in lieu of Question Nos. 8, 9 and 10 )**

तलका कुनै **दश** प्रश्नहरूका उत्तर *3/4* वाक्यहरूमा लेख : 2×10=20

(क) मुकुन्द को हो? इन्दिरासित उसको के सम्बन्ध छ?

(ख) रूपनारायण र भवदेवबीच केको सम्बन्ध थियो?

(ग) पढाइ सकिएपछि कलकत्तामा मुकुन्दले कस्तो मति लियो?

(घ) भवदेव र पुनाचा किन कलकत्ता जान्छन्?

(ङ) नेपाल (घर) फर्केपछि मुकुन्दले प्रथम पल्ट इन्दिरालाई कहाँ कसरी भेट्छ?

(च) अन्तमा मुकुन्दले किन पश्चात्ताप गर्नु पर्‍यो?

(छ) चामे र गौंथलीबीच किन झगडा भइरहन्थ्यो?

(ज) कृष्ण राय कुन कथामा पाइन्छ? उसले गाउँमा के गर्ने गर्थ्यो?

(झ) चतुरे को हो? उ कस्तो विचारको युवक थियो?

(ञ) नैनी को थिई? के स्वार्थले उ मुनाकहा जाने गर्थी?

(ट) मदनलाई बाटोमा हैजा लाग्दा कसले कसरी मदत गर्‍यो?

(ठ) गुन्द्रुकले कसरी सबैको उपकार गरेको छ?

(ड) खसहरू को थिए? खस भाषा के हो?

(ढ) आधुनिक शिक्षक कस्तो देखिन्छ?

(ण) कैकेयीलाई किन दुइवटा वर माग्नु पर्‍यो?

★★★